# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।१० गते

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

---------------------------------------------------------

मोरङ्ग जिल्ला स्थित शहरी विकास तथा भवन निर्माण बिभाग डिभिजन कार्यालयमा कार्यरत इन्जिनियर श्री चन्देश्वरी यादवले मोरङ्ग जिल्ला टंकीसिनवारी गा.वि.स.-२ मा महिला समन्वय समितिको भवन निर्माणगर्ने प्रयोजनार्थ शहरी विकास मन्त्रालयबाट निकासा भएको रकम माग गर्न जाँदा निजले उक्त निकासा भएको रकम भुक्तानीको चेक दिने भनी सेवाग्राहीसंग घुस रकम माग गरी रू.१०,०००।- (दश हजार रूपैंया) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज इन्जिनियर श्री चन्देश्वरी यादव उपर विगो रू.१०,०००।- (दश हजार रूपैंया) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी